# नेपाल उद्योग वाणिज्य महासंघको ४३ औं वार्षिक साधारण साधारण सभाको पहिलो पूर्ण वैठकमा अध्यक्ष कुशकुमार जोशीद्वारा प्रस्तुत सम्बोधन भाषण

**नेपाल उद्योग वाणिज्य महासंघको ४३ औं वार्षिक साधारण सभाका प्रतिनिधि साथीहरु,**

**निवर्तमान अध्यक्षज्यू**

**भूतपूर्व अध्यक्षज्यूहरु/पदाधिकारीज्यूहरु,**

**सल्लाहकार समितिका सदस्यज्यूहरु तथा कार्यकारिणी समितिका सदस्य साथीहरु ।**

१. नेपाल उद्योग वाणिज्य महासंघको ४३ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसका अवसरको दोश्रो दिनको यो पहिलो पूर्ण बैठकमा यहांहरुको हार्दिक स्वागत गर्न चाहन्छु । यहांहरुको यस उपस्थितिले हामीलाई एकातिर थप हौसला र प्रेरणा मिलेको छ भने अर्कोतिर हामी निजी क्षेत्र बीचको एकतालाई पृष्टि गरेको छ। यस अवसरमा महासंघलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने यहांहरु लगायत हाम्रा अग्रजहरु, निजी क्षेत्र एवं महासंघ प्रति सद्भाव राख्नु हुने सबैमा हार्दिक श्रद्धा एवं अभिवादन गर्न चाहन्छु ।

२. यहांहरुले महासंघको जिम्मेवारी म लगायत पदाधिकारीज्यूहरु र कार्यकारिणी समितिलाई दिनु भएको एक वर्ष वितेको छ । यस अवधिमा महासंघबाट भए गरेका गतिवधि, लिइएको रणनीति र कार्यक्रम वारे समय समयमा विभिन्न माध्यमहरुबाट यहांहरु समक्ष पुऱ्याउने प्रयाश पनि भई रहेको छ । विशेषतः गत जेष्ठ ३१ गते पोखरामा सम्पन्न विशेष साधारण सभाले गरेको निर्देशन एवं निर्णय अनुसार महासंघले आफ्ना कार्यक्रम तथा गतिविधि अघि बढाईरहेको छ । यस अवधिमा भएका गतिविधि समेटिएको (क) महानिर्देशकको वार्षिक प्रतिवेदन र (ख) आ.व. २०६४।६५ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात यसै सत्रमा अनुमोदनका लागि पेश गरिने छ । उपरोक्त दुवै बिषयमा छलफल भई यहांहरुबाट महत्वपूर्ण सुझावको अपेक्षा गरेको छु । साथै महासंघले आगामी दिनहरुमा अपनाइनु पर्ने रणनीति वारे यस सभाबाट प्राप्त हुने सुझावले हामीलाई थप मार्गदर्शन हुने विश्वास मैले लिएको छु ।

३. मुलुक भित्र मात्र नभई मुलुक वाहिरको आर्थिक, उद्योग, व्यवसाय वा राजनीतिक बस्तुस्थिति वारे पनि हामी अनभिज्ञ छैनौं । गत वर्ष सम्पन्न संविधान सभाको ऐतहासिक निर्वाचनसंगै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा परिणत भएको छ । यसै पृष्ठभूमिमा आजको बस्तुस्थिति, निजी क्षेत्रले भोग्नु परेका पिडा र सरकारबाट हामीले गरेका अपेक्षाका बिषयमा हिजोको स्वागत भाषणमा मैले उल्लेख गरेको छु । जिल्ला एवं क्षेत्रगत हिसावमा भएका समस्या, हाम्रा अपेक्षा एवं सरकार, महासंघ र निजी क्षेत्रले खेल्नु पर्ने भूमिका सम्बन्धमा मुख्य प्रतिनिधिहरुले आ–आफ्नो मन्तव्यको क्रममा व्यक्त गर्नु हुनेनै छ । यहांहरुबाट व्यक्त राय सुझावले हामीलाई थप मार्गदर्शन हुने छ ।

४. लामो द्वन्द र अशान्तिको समयमा सबै भन्दा बढी मर्कामा पर्ने क्षेत्र – निजी क्षेत्रनै थियो । शान्ति सम्झौताका साथै ऐतिहासिक परिवर्तनपछि देशमा द्वन्द समाप्त भई शान्ति र सुशासन कायम हुने अपेक्षा हामीले लिएका थियौं । जनआन्दोलन पछि व्यवसाय सञ्चालन गर्न केही खुकुलो भए पनि हाम्रा अगाडि अझै पनि धेरै समस्या छन् । एकातिर हाम्रो जीउधनको असुरक्षा, चन्दा, लुटपाट, बन्दको प्रश्न छ भने अर्कोतिर चरम विद्युत लोड सेडिङ्ग, संधैको श्रम अशान्ति, विश्व आर्थिक मन्दी, बढ्दो मूल्यबृद्धि लगायतका समस्या बढ्दै गएको छ र यसमाथि पनि सरकारले समय समयमा स्वतन्त्र उद्योग व्यवसायलाई प्रतिकूल असर पर्ने खालका नीति नियम ल्याएबाट पनि हाम्रा उद्योग व्यवसाय थप जर्जर बन्न पुगेका छन् ।

५. यी यथार्थ बस्तुस्थितिको परिप्रेक्ष्यमा महासंघले मात्र होइन सबै जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ, बस्तुगत संघहरु, द्विराष्ट्रिय संघहरु एवं उद्योगी व्यवसायी स्वयंले पनि आफ्ना समस्यालाई, आफूले खेल्नु पर्ने दायित्वलाई बोध गरी आ–आफ्नो तहमा आवाज उठाई रहेका छौं । महासंघको आह्वानमा यहांहरुले आ–आफ्नो संघ/संस्था मार्फत र यहांहरुको संस्थाले उठाएको सवालमा महासंघ स्वयं सहयोग र कार्यान्वयनमा जुटेको छ तापनि हामी उद्यमी व्यवसायीमा समस्या अझ धेरै थाँती भएकोले यी समस्याको समाधानमा “हामी बीचको एकता” (Solidarity) नै मुख्य हो भन्ने मैले ठानेको छु ।

६. नेपाल उद्योग वाणिज्य महासंघको मूल आधारनै यहांहरुले प्रतिनिधित्व गर्नु भएका संघ/संस्थाहरु हुन भने महासंघ र सदस्य संघ संस्थाहरु बीचको समझदारी र सहअस्तित्व (Co-Existance) हाम्रो एकताको अर्को कडि हो । यही विशेषतामा महासंघले आफ्नो लामो यात्रा तय गर्दै आएको छ। हाम्रो विश्लेषणमा महासंघले प्रदान गर्दै आएका सेवा र कार्य प्रकृतिका आधार निम्न चार प्रकारका छन् :–

(१) राष्ट्रिय विकासमा सरकारसंग साझेदारी

(२) प्रतिस्पर्धी बजार उन्मुख प्रणालीमा आधारित व्यवसायको विकास

(३) उद्यमी व्यवसायीबाट उत्तरदायिपूर्ण सेवा एवं सहयोग र

(४) औद्योगिक श्रम सम्बन्धको विकास

उपरोक्त कार्यप्रणालीको आधारमा हाम्रा कार्यक्रम र रणनीति तर्जुमा भएका छन् । जस अन्तर्गत विशेषतः निम्न बिषयलाई यस अवधिमा अघि बढाईएको छ :–

(क) आर्थिक एजेण्डालाई प्राथमिकता दिई तीब्रता साथ अघि बढाउनु पर्ने ।

(ख) विश्वमै देखिएको आर्थिक मन्दीबाट नेपाललाई बचाउन आवश्यक रणनीति अपनाइनु पर्ने ।

(ग) औद्योगिक, व्यवसायिक सुरक्षा सहित समग्र सुरक्षा व्यवस्थालाई सुनिश्चितताको प्रत्याभूति दिलाउने कार्यमा सरकारलाई बढावा दिनु पर्ने ।

(घ) महासंघ सुदृढिकरणको कार्यलाई अघि बढाउने ।

प्रतिनिधि साथीहरु,

७. आज निजी क्षेत्रले सुनिश्चतता सहितको परिवर्तन खोजेको छ। अब परिर्वनको विकल्प छैन। विश्व परिदृष्यमा देखिएको उच्च प्रतिस्पर्धा, गुणस्तर विकास एवं स्वतन्त्र व्यापार एवं आवत जावतको स्वतन्त्रतासंगै हामीले पनि हाम्रो सेवा र उत्पादनलाई स्वतन्त्र बजार मार्फत प्रतिस्पर्धी बनाउन सक्ने राम्रो वातावरण (Environment) कानूनी राज्य (Rule of Law) र व्यवसायिक आचारसंहिता भित्र रहेर काम गर्ने वातावरण तयार गर्न खोजिरहेका छौं। अब आर्थिक क्रान्तिको विकल्प छैन। यसैले हाम्रो यस पटकको नारा "आर्थिक समृद्धि विना बन्दैन नेपाल नयाँ" भन्ने रहेको छ। यसका लागि हामीले सरकार र सबै राजनीतिक दलहरुसंग निजी क्षेत्रको पक्षमा पैरवी गर्नुको विकल्प पनि छैन।

८. उपरोक्त पृष्ठभूमिमा महासंघले यस अवधिमा आफ्ना नियमित कार्यक्रमहरुका अलावा निम्न बिषयलाई प्रमुख मुद्दाको रुपमा उठाएको छः

- बन्द, हडताल एवं श्रम समस्यालाई तत्काल समाधान गरी लगानी मैत्री वातावरण श्रृजना गर्ने। यसै पृष्ठभूमिमा निजी क्षेत्रले बन्द, हड्ताल, श्रम अशान्ति, चक्काजाम विरुद्ध हालै गरेको संकल्प प्रंस्ताव यस सन्दर्भमा विशेष उल्लेख्य छ।

- तत्काल विद्युत लोडसेडिङ्गको विकल्प सहित आम उपभोक्ता र उद्योगी व्यवसायीलाई सहुलियत एवं राहतपूर्ण प्याकेज सुविधाको व्यवस्था हुनु पर्ने।

- लगानीकर्ताको लगानी र सम्पत्तिको स्वामित्व संरक्षण वारे निजी क्षेत्रलाई आश्वस्त पार्नु पर्ने।

- निजी क्षेत्रलाई लगानी तर्फ आकृष्ट गर्न लगानी, मुनाफा एवं सम्पत्तिको हक वारे स्पष्टता ल्याईनु पर्ने।

- देशका प्रमुख निकासीजन्य बस्तुहरुको व्यापारमा भएको गिरावटलाई सुधार्न निकासी प्रबर्द्धन सम्बन्धी विशेष प्याकेज ल्याउनु पर्ने।

- श्रम विवाद समाधानका लागि No Work, No Pay र Termination of Employment को अधिकार सहितको "श्रम ऐन र नीति"मा सुधार हुनु पर्ने ।

- कवाडि कर खारेज हुनु पर्ने ।

- ट्रक सिण्डिकेट खारेज गरिनु पर्ने । आदि !

९. उपरोक्त बिषयका अतिरिक्त अन्य विभिन्न बिषय र क्षेत्रमा पनि महासंघले आफ्ना कार्यक्रम एवं अवधारणा प्रष्ट पार्नुका साथै निरन्तर पैरवी र प्रतिनिधित्व गर्दै आएको छ । यो अवधिमा विशेषतः (क) ट्रक सिण्डिकेट र (ख) कवाडि कर खारेज गर्ने बिषयमा महासंघबाट उठाएको कदममा जिल्ला तथा नगर स्तरीय उवासंघहरु लगायत सबै संघ संस्थाहरुबाट जुन सहयोग र प्रतिबद्धता प्राप्त भयो, त्यसले हामी बीचको एकतालाई थप बल प्रदान गरेको छ। यस अभियानमा साथ दिनु हुने विशेषतः कैलाली उद्योग वाणिज्य संघ लगायत सुदूर पश्चिमाञ्चल क्षेत्रका उद्योग वाणिज्य संघहरुको पहललाई म महासंघका तर्फबाट हार्दिक सराहना गर्दछु ।

यसैगरी, **"विद्युत लोडसेडिङ्ग र श्रम अशान्ति समेत"** को विरोधमा पूर्वाञ्चल क्षेत्र विशेष गरी मोरङ्ग व्यापार संघ र उद्योग संगठन मोरङ्गबाट भएको पहलको लागि पनि आभार व्यक्त गर्न चाहन्छु। यसै क्रममा यस अवधिमा **"उद्योग क्षेत्र संकटमा छ, सरकार सम्बोधन गर"** भन्ने आव्हान सहित "उद्योग क्षेत्रलाई संकटयुक्त" घोषणा गर्न महासंघले प्रारम्भ गरेको कार्यक्रमको समर्थनमा यहांहरु सबैबाट प्राप्त सहयोग र प्रोत्साहनको सराहना गर्दछु ।

१०. हामी उद्योगी व्यवसायी एवं हाम्रा संघ/संस्थाहरु केवल हाम्रो मात्र सोच र माग नगरी राष्ट्रिय एवं सामाजिक कार्यक्रम प्रति समेत अभिप्रेरित हुने वर्ग हो । संस्थागत सामाजिक दायित्व (Corporate Social Responsibility) लाई हामीले सधैं अग्र स्थानमा राख्ने गरेका छौं । गत वर्षायामको सप्तकोशी बाढीको घटना र क्षति एवं सुदुरपश्चिमाञ्चल क्षेत्रमा आएको बाढीबाट भएको क्षति जस्ता दुःखद घटना नै किन नहोस्, यस बखत विभिन्न संघ/संस्था र व्यक्तिहरुबाट सहयोग संकलन एवं समायोजनमा वाढी पिडितहरुलाई त्यस क्षेत्रका उद्योग वाणिज्य

संघहरु एवं संघका पदाधिकारी तथा सदस्यहरु लगायतका उद्योगी व्यवसायीले पुऱ्याउनु भएको महत्वपूर्ण सहयोगको नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट हार्दिक प्रशंसा एवं कृतज्ञता सहित आभार व्यक्त गर्न चाहान्छु ।

११. हिजोबाट प्रारम्भ भएको महासंघको ४३ औं वार्षिक साधारण सभा एवं उद्योग–वाणिज्य दिवस उपलव्धिमूलक होस् एवं यहांहरुको अमूल्य सहयोग तथा सहभागिताको बढी सार्थकता रहोस् भन्ने हाम्रो अभिप्राय रहेको छ । यसै उद्देश्य अनुरुपनै हामीले यो दुई दिनको कार्यक्रमलाई प्रमुखतः धेरै प्रस्तावहरु पारित गर्ने हाम्रो परम्परा भन्दा फरक किसिमले निम्न दुई बिषयमा केन्द्रित गरी कार्यक्रम संयोजन गरेका छौं ।

(१) नयाँ संविधानमा निजी क्षेत्रको सुझाव ।

(२) आर्थिक रुपान्तरणबाट अर्थतन्त्रमा परेको प्रभावः निजी क्षेत्रको धारणा ।

यी बिषयनै आजको सन्दर्भमा हाम्रा मूल एजेण्डा हुनु पर्दछ भन्ने हाम्रो सोच भएकाले यस माथि आजको विशेष सत्रमा छलफल हुने छ । यसको अलावा यसै सत्रमा केही नियमित वा सामान्य प्रस्ताव सभाको विचारार्थ पेश गरिने छ भने मुख्य प्रतिनिधिहरुबाट व्यक्त हुने विचारले महासंघको आगामी दिनका कार्यक्रम, लक्ष र रणनीति निर्धारणमा सहयोग पुग्ने मैले विश्वास लिएको छु ।

(क) ४३ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसका अवसरमा यस पटक प्रदान गरिएको कदर सम्मान पाउनु हुने सम्बन्धित सदस्य संघहरुलाई आ–आफ्नो संस्थाको सृदृढीकरणमा पुऱ्याउनु भएको योगदानको सराहना गर्दै बधाई ज्ञापन गर्न चाहान्छु । साथै कदर सम्मान समितिको संयोजकत्व गरि दिनु भएकोमा निवर्तमान अध्यक्ष श्री चण्डिराज ढकालज्यूमा आभार सहित हार्दिक सराहना गर्दछु । साथै मूल्याङ्कन कार्यदलका संयोजक एवं सदस्यहरुमा पनि धन्यवाद व्यक्त गर्दछु ।

(ख) यो ४३ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस कार्यक्रमको बरिष्ठ उपाध्यक्ष श्री सुरज वैद्यबाट संयोजकत्व भएकोमा यसका लागि उहांको हार्दिक प्रशंसा एवं सराहना गर्दछु । साथै आजै अपरान्ह हुने विशेष सत्र (Special Session) मा पेश हुने (१) नयां संविधानमा निजी क्षेत्रको सुझाव र (२) आर्थिक रुपान्तरणबाट अर्थतन्त्रमा परेको प्रभाव : निजी क्षेत्रको धारणा विषयहरुमा उपाध्यक्षहरु क्रमशः श्री भाष्करराज राजकर्णिकार र श्री प्रदीपजंग पाण्डेले संयोजन गर्नु भएको छ । उहांहरुको यो प्रयास र मेहनतको लागि पनि हार्दिक सराहना गर्दछु ।

(ग) ४३ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसका अवसरमा हिजो नै महासंघ–कृषि उद्यम केन्द्र एवं नेपाल सरकारको समेत सहयोगमा Agro Expo 2009 प्रारम्भ भएको छ । सम्माननीय राष्ट्रपतिबाट समुद्घाटित उक्त एक्स्पो आयोजना गर्न उपाध्यक्ष श्री कृष्ण प्रसाद ताम्राकार र उहांको टीमले गरेको प्रयास एवं मेहनतको सराहना गर्दछु ।

१२. साथीहरु, निजी क्षेत्रमा थुप्रै समस्याहरु छन् । हामीले गर्नु पर्ने र हाम्रो जिम्मेवारी भित्र धेरै बिषयहरु छन् । महासंघका कार्यक्रमहरु विशेषतः समिति/फोरम/परिषद् एवं कार्यदल मार्फत सम्पन्न भई रहेका छन् र यी समिति/फोरम/परिषद् एवं कार्यदललाई अरु क्रियाशील बनाउन हामी प्रयासरत छौं ।

हामीलाई थाहा छ, संघ/संस्था सञ्चालन गर्ने जिम्मेवारी बोध सहितको दायित्व निर्वाह गर्ने काम सजिलो छैन । अवको व्यापार व्यवसायको सञ्चालन विधि एवं उद्योग वाणिज्य संघ/बस्तुगत संघ तथा द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरुलाई दीगो विकास गरी संस्थागत रुपमा अघि बढाउने प्रक्रिया पनि सजिलो छैन । संघको सञ्चालनमा संस्थागत विकास सहित व्यवस्थापन गर्ने, आय आर्जन गर्ने एवं विश्वासको वातावरण तयार गर्ने काम हाम्रो कांधमा छ । विभिन्न संघहरुबाट संस्थागत विकासको क्रममा आय आर्जन एवं व्यवसायिक सुदृढिकरणका सन्दर्भमा राम्रा थालनीहरु भएका छन् । जिल्लामा गरिने मेला महोत्सव यसको उदाहरणको रुपमा लिन सकिन्छ । तर पनि यी मेलाहरुलाई थप व्यवसायिकरण र बैज्ञानिक बनाई सञ्चालन गर्न सकेमा यसबाट थप आय आर्जन गर्न सकिने यथेष्ट सम्भावनाहरु छन् । यस कार्यमा महासंघबाट सक्दो सहयोग उपलव्ध हुने विश्वास दिलाउंदछौं ।

१३. उद्योग वाणिज्य संघहरुको सेवाग्राही उद्देश्य एवं छवि विकासमा सघाउ पुऱ्याउने बिषयका कार्यक्रम एवं गतिवधिलाई अघि बढाउने प्रयाश पनि महासंघबाट भई रहेको छ। यसै क्रममा सरकार निजी–साझेदारी कार्यक्रम (PPP) लाई लिन सकिन्छ भने हालै मात्र सञ्चालनको क्रममा रहेका "**युवा तथा साना व्यवसायी स्वरोजगार अभिमुखिकरण कार्यक्रम"** यसको अर्को उदाहरण हो। हुनतः यो कार्यक्रम उवासंघहरुको कार्यक्रम हो तर यो कार्यक्रम सञ्चानलनको क्रममा अहिले केही व्यवहारिक समस्या देखिएका छन्। मन्त्रालय–मन्त्रालय वीचको सामञ्जस्यता र सहयोगको अभावमा हामी वीचमा पर्न चाहदैनौं । यसैले यो कार्यक्रम वारे आज छलफल नगरी भोली माननीय अर्थमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा छुट्टै अन्तरक्रिया गरी थप स्पष्ट गर्ने गरी कार्यक्रम संयोजन गरिएको छ। अतः स्वरोजगार कार्यक्रम वाहेकका बिषयमा मात्र आज यो सभामा छलफल एवं निर्णय हुन म आग्रह गर्दछु।

१४. साथीहरु, मैले यस क्रममा महासंघले लिएका रणनीति र उठाएका सवालहरु सम्बन्धमा संक्षिप्तमा मात्र उल्लेख गरेको छु। विस्तृत कार्यक्रमको विवरण महानिर्देशकको प्रतिवेदनमानै उल्लेख भएबाट म ती बिषयमा जान चाहन्न। यति मात्र होकि यस अवधिमा हामीले तय गरेका रणनीतिका आधारमा कार्यक्रम सञ्चालनलाई प्रभावकारिता सहित निरन्तरता दिने प्रतिबद्धता यहांहरु समक्ष व्यक्त गर्न चाहान्छु। यसले सबैलाई समेटेर एवं 'Team Sprit' लाईनै महत्व दिएर अघि बढ्ने प्रतिबद्धता पनि म दोहोऱ्याउन चाहान्छु।

१५. महासंघको आफ्नै विशिष्ट इतिहास छ। यस ऐतहासिक धरोहरलाई थप प्रभावकारी बनाउन हामीले बहुसंख्या, बहु जातियता, फरक सोच नलिई निजी क्षेत्रको एउटै संस्था नेपाल उद्योग वाणिज्य महासंघ र सवै "उद्योगी व्यवसायी"लाई बलियो बनाउंदै हामी बीचको "एकताको माला" टुट्न नदिने प्रतिबद्धता गरौं। यसैमा हामी सबैको भविष्य सुनिश्चित छ। हाम्रा अग्रजहरुले गरेको परिश्रम, देखाएको बाटो, हामी सबैको महासंघ प्रतिको आस्था र विश्वासका कारणनै महासंघ आज राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय रुपमा परिचित छ। महासंघको यो गरिमा र विरासतलाई अझै बढाउने काममा हामी लाग्ने छौं। यसमा हाम्रो भागीरथ प्रयाश रहने छ। यो मेरो र मेरा सबै पदाधिकारीज्यूहरु एवं कार्यकारिणी समितिका सदस्यहरुको यहांहरुसंगको प्रण र थप प्रतिबद्धता हो।

१६. आजको हाम्रो पहिलो आवश्यकता दीगो शान्ति र आर्थिक विकासनै हो । यस कार्यमा हामी सम्पूर्ण उद्योगी व्यवसायीहरुको पनि त्यत्तिनै जिम्मेवारी छ । हामीले पनि समयको परिवर्तनलाई आत्मसात गर्दै आफूलाई पनि परिवर्तन गराउनै पर्छ । यसका लागि आपसी एकता, समझदारी, धैर्यता एवं एक अर्कालाई बुझ्ने भावनाको विकासनै जरुरी देखिन्छ । यस परिप्रेक्ष्यमा पनि महासंघलाई बढी प्रभावकारी बनाउनमा हामी सबैको प्रतिबद्धताको खांचो छ ।

१७. अन्तमा, आजको यस महत्वपूर्ण भेलामा महासंघको उद्देश्य र आदर्शलाई उच्च राख्दै यस ४३ औं वार्षिक साधारण सभा र उद्योग–वाणिज्य दिवसलाई सफल बनाउन सबै साथीहरुबाट पूर्ण सहयोग र सुझावको अपेक्षा गरेको छु ।

धन्यवाद ।

२९ चैत्र २०६५, काठमाडौं ।